नेपाल सरकार

राष्ट्रिय योजना आयोग

## प्रेस विज्ञप्ति

माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री लालबाबु पण्डित र राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा.डा. पुष्पराज कंडेल तथा आयोगका माननीय सदस्यहरूबीच आयोगका माननीय उपाध्यक्षज्यूको कार्यकक्षमा आयोगको आगामी कार्यक्रमहरूका बारेमा छलफल भयो ।उक्त छलफल कार्यक्रममा सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय योजना आयोगका अध्यक्षज्यूसमक्ष प्रस्तुत गरिएको आर्थिक वर्ष २०७५/७६को नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रमको कार्यान्वयन कार्ययोजना, चौधौं योजनाको समीक्षा, पन्ध्रौं योजनाको आधारपत्र तयारी, नेपाल मानव विकास प्रतिवेदन तयारी, दीगो विकास लक्ष्य कार्यान्वयनलगायतका आयोगबाट आगामी दिनमा सम्पादन गरिने महत्वपूर्ण कार्यहरू एवम् आयोगको संगठन तथा व्यवस्थापनका विविध पक्षमा छलफल भयो ।

राधाकृष्ण प्रधान
सहसचिव एवम् प्रवक्ता